तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : २ मिति : २०७७/०४/२६

भाग-२

तमानखोला गाउँपालिका

## कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ (दोस्रो संशोधन २०७७)

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

**तमानखोला गाउँपालिकाको कोषहरु**

१. समपुरक कोष

२. मर्मत संम्भार कोष

३. आकस्मिक सहायता कोष

४. जेहेन्दार छात्रवृत्ति कोष

५. बिरामी तथा सुत्केरी सहायता कोष

६. खेलकुद विकास कोष

७. खाद्य सुरक्षा कोष

८. कर्मचारी कल्याण कोष

## १. तमानखोला गाउँपालिकाको समपुरक कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४

**१. प्रस्तावना : तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाबाट निर्माण गरिने गाउँपालिकाको गौरवका आयोजना, विस्तृत विवरण प्रतिवेदन तयार (डी.पी.आर) गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायको सहलगानीमा काम गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको समपुरक कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ। गाउँकार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त कार्यान्वयन हुनेछ।**

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिका कार्यसम्पादन नियमावली, २०७४ सम्झनुपर्दछ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ।

३. कोषबाट खर्च गर्ने व्यवस्था :

(क) तमानखोला गाउँपालिकाको गौरवको आयोजनाहरु विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय सरकार, प्रदेश सरकार तथा अन्य कुनै दातृ निकायको सहलगानीमा सम्पन्न गर्न सकिने योजनाहरुमा खर्च गरिने छ।

(ख) यस कोषबाट खर्च गरिने योजना ठेक्का प्रणाली वा उपभोक्ता समिति दुवै किसिमबाट हुने सक्नेछ।

(ग) यस कोषबाट खर्च गरिने योजनाहरुको सम्झौता र भुक्तानी प्रक्रिया अन्य योजना अनुसार हुनेछ।

(घ) यस कोषबाट गाउँपालिकाको गौरवको आयोजना वा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार (डि.पी.आर) गर्न सक्नेछ।

(ङ) कोष खर्च गर्दा नियमानुसार कन्टीजेन्सी काटिनेछ।

(च) यस कोषबाट खर्च हुने सम्पूर्ण योजनाहरु कार्यपालिकाको निर्णयबाट पारित गरेर कार्यान्वयन गरिनेछ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

२. **तमानखोला गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४ ( संशोधन २०७५)**

***१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाबाट निर्माण गरी कार्य सम्पन्न गरिएका पूर्वाधारहरु सडक, भवन तथा खानेपानी, झो.पु, गोरेटोबाटो, प्राकृतिक प्रकोप र बाढी पहिरोबाट क्षति भएका बस्ती तथा सार्वजनिक संरचनाहरुको मर्मत सम्भार गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिका कार्यसम्पादन नियमावली, २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) कोषको रकम खर्च गर्द रु. १ लाखसम्म वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ र एक लाखभन्दा माथि खर्च गर्दा गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार गरिनेछ ।

(ख) मर्मत सम्भार कोषबाट विनियोजित रकमको आवश्यकता अनुसार प्राविधिक स्टिमेट, काम सम्पन्न प्रतिवेदन, निर्णय, निवेदन, काम सम्पन्न बिल भरपाई, काम सम्पन्न भएको वडा कार्यालयको सिफारिसमा भएमा भुक्तानी गरिनेछ ।

*(ग) कोष खर्च गर्दा नियमानुसार कन्टिन्जेन्सी काटिनेछ ।

*(घ) कोषबाट यस गाउँपालिकाबाट निर्माण कार्य सम्पन्न गरिएका पूर्वाधारहरु सडक, भवन तथा खानेपानी, झो.पु, गोरेटोबाटो, प्राकृतिक प्रकोप र बाढी पहिरोबाट क्षति भएका बस्ती तथा सार्वजनिक संरचनाहरुको कार्यमा मात्र खर्च गरिनेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

***३. तमानखोला गाउँपालिकाको आकस्मिक सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४ ( संशोधन २०७५)**

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र प्राकृतिक तथा आकस्मिक भएको घटना वा क्षतिबाट स्थानीय जनताहरुलाई पर्न गएको क्षतीमा तत्काल राहत र उद्धार गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको आकस्मिक सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ। गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

(ग) "**सदस्य**" भन्नाले गाउँपीलकाको वडा सदस्य सम्झनुपर्दछ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ।

(छ) "**दुर्घटना**" भन्नाले गाडी दुर्घटना, भिरपाखाबाट लडेको, रुखबाट खसेको, चट्याङलाई सम्झनुपर्दछ।

*(ज) "**प्राकृतिक प्रकोप**" भन्नाले आगोलागी, बाढी पहिरो, चट्याङलाई सम्झनुपर्दछ।

(झ) "**पूर्ण क्षती**" भन्नाले घर भत्किनुका साथै अन्नपात र लत्ताकपडा समेत नष्ट भएको अवस्थालाइ सम्झनुपर्दछ।

(ञ) "**आंशिक क्षती**" भन्नाले घर भत्किएको तर अन्नपात र लत्ताकपडा नष्ट नभएको अवस्थालाई सम्झनुपर्दछ।

(ट) "**प्रहरी**" भन्नाले स्थानीय प्रहरी चौकी वा नेपाल प्रहरीबाट खटिएको प्रहरी कर्मचारी सम्झनुपर्दछ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

*(क) आगोलागी तथा बाढी पहिरोको कारण घर पूर्ण क्षती भएमा रु. २५,०००।-हजार अक्षेरुपी पच्चिस हजार) र आशिंक क्षति भएमा रु. १५,०००।-( अक्षरुपी पन्ध्र हजार) दिइनेछ।

*(ख) बाढी पहिरोले पुरिएका वा भत्किएका खोला वा नदिले कटान गरी पूर्ण क्षती भएमा रु.२५,०००।-(अक्षेरुपी पच्चिस हजार) र आशिंक क्षति भएमा रु. १५,०००।-( अक्षरुपी पन्ध्र हजार) दिइनेछ।

* (ग) दुर्घटनामा परी मानवीय क्षती भएमा परिवारका एक सदस्यको मृत्यु भएमा रु. १,००,०००।- ( अक्षरुपी एक लाख), एक भन्दा बढी सदस्यको मृत्यु भएमा प्रति सदस्य थप रु. ५०,०००।- (अक्षरुपी पचास हजार) र घाइतेको प्रकृति हेरेर रु. ५,०००।- (अक्षरुपी पाँच हजार) देखि रु. ५०,०००।- ( अक्षरुपी पचास हजार) सम्म उपलब्ध गराइनेछ।

(घ) राहत रकम सम्बन्धित व्यक्ति वा एकाघरको सदस्यको निवेदन, प्रहरी रिपोर्ट, वडा कार्यालयको सिफारिसको आधारमा उपलब्ध गराइनेछ।

**दोस्रो संशोधन*

(ङ) कुनै घटनाको कारण तत्कालै उद्धार गर्नुपर्ने भएमा प्रत्यक्ष घटना विवरणका आधारमा (ग) बमोजिमाको कागजात नभएपनि भुक्तानी दिइनेछ ।

*(च) आकस्मिक राहत कोषको रकम यस कार्यविधिमा उल्लेख भए बमोजिम गाउँकार्यपालिकाको कार्यालयले भुक्तानी गर्नेछ ।

## ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

***४. तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृत्ति कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ ( संशोधन २०७५)**

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाका विद्यार्थीहरुको विद्यालय स्तरको अध्ययन र उच्च शिक्षामा सहज पहुँच वृद्धि गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृत्ति कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली, २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**विद्यालय**" भन्नाले यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

(ज) "**शिक्षा शाखा**" भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनुपर्दछ ।

(झ) "**विपन्न**" भन्नाले घरको आम्दानीले ६ महिनाभन्दा कम खान पुग्ने परिवारलाई सम्झनुपर्दछ ।

**३. कोषबाबट खर्च गर्ने व्यवस्था :**

*(क) यस तमानखोला गाउँपालिका भित्र प्राथमिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये २१ जनालाई रु.१,०००। का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

*(ख) यस तमानखोला गाउँपालिका भित्र आधारभूत विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये १६ जनालाई रु.१,०००। का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(ग) यस तमानखोला गाउँपालिका भित्र माध्यामिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये १५ जनालाई रु. २,०००।- का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

*(घ) यस तमानखोला गाउँपालिका भित्र माध्यमिक विद्यालयमा अध्ययनरत गरिब (विपन्न) तथा जेहेन्दार विद्यार्थी मध्ये कक्षा ११ मा २ जना र कक्षा १२ मा २ जनालाई विज्ञान विषयमा रु. ७,०००। र अन्य विषयमा रु. ५,०००। का दरले छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(ङ) यस तमानखोला गाउँपालिका भित्र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी र यस गाउँपालिकामा संचालन नभएका विषयका हकमा तमानखोला गाउँपालिका भित्र माध्यामिक

विद्यालयबाट कक्षा १० उत्तीर्ण गरी अन्य स्थानमा अध्ययनरत गरिब (विपन्न) तथा जेहेन्दार विद्यार्थी मध्ये कक्षा ११ विज्ञान विषय १ जनालाई रु. २०,०००।- छात्रवृत्ति उपलब्ध गराइनेछ ।

*(च) तमानखोला गाउँपालिकाभित्र माध्यमिक विद्यालयबाट कक्षा १० उत्तीर्ण गरी पशु तथा कृषि प्राविधिक विषय १५ वा १८ महिने कोर्ष र प्राविधिक विषय ३ वर्षे कोर्ष अध्ययन गर्ने गरिब (विपन्न) तथा जेहेन्दार विद्यार्थीहरुलाई क्रमश : २०,०००। र २५,०००।- का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(छ) सम्बन्धित विद्यालयको नियमित तथा जेहेन्दर भएको सिफारिस, गरिब परिवारका भनी वडा कार्यालयको सिफारिस, स्थानीय तहको शिक्षा शाखाको सिफारिसमा छात्रवृत्ति उपलब्ध गराइने छ ।

*(ज) मा.वि. बाहेकका छात्रवृत्ति छनौट प्रकिया गाउँ शिक्षा समितिले बनाएको छनौट नियमानुसार हुनेछ ।

## ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

***५. तमानखोला गाउँपालिकाको बिरामी तथा सुत्केरी सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ (संशोधन २०७५)**

**१. प्रस्तावना :**

तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र स्थायी बसोबास गरी रहेका बासिन्दाहरुलाई जटिल प्रकारका रोग तथा स्वास्थ्य चौकीमा सुत्केरी हुने महिलाहरुलाई तत्कालिन सहयोग उपलब्ध गराउने अभिप्रायले यो तमानखोला गाउँपालिकाको बिरामी तथा सुत्केरी सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ। गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ।

(छ) "**दिर्घ र जटिल रोग**" भन्नाले नेपाल सरकाले जटिल रोग भनी वर्गीकरण गरेका रोगहरु सम्झनुपर्दछ।

*(ज) "**सुत्केरी**" भन्नाले बच्चा जन्मिएको ४५ दिन भित्रको महिलालाई सम्झनुपर्दछ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) तमानखोला गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा प्रसुती गराउने सुत्केरी महिलालाई स्वास्थ्य संस्था ल्याउने र लाने खर्चवापत रु. १,०००। सहयोग उपलब्ध गराइनेछ।

*(ख) तमानखोला गाउँपालिकाका जनताहरु कुनै दीर्घ तथा जटिल रोग लागेमा उपचारार्थ स्वास्थ्य संस्थाको बिरामी भर्ना पूर्जा (OPD Ticket) वडा कार्यालयको सिफारिस र स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा १५ हजार सम्म अनुदान सहयोग उपलब्ध गराइनेछ।

*(ग) तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाबाट प्रसुती हुन नसकी जटिलता देखा परेको कारण रेफर गर्नुपरेमा प्रसूती सम्बन्धि बिरामी महिलालाई रिफरल खर्च वापत बुर्तिबाङ सम्म जानुपरे रु. ५,०००। र त्यहाँ पनि उपचार सम्भव नभई टाडा जानुपरे रु. १०,०००।- सहयोग उपलब्ध गराइनेछ।

*(घ) सुत्केरी हुँदा वा सुत्केरी भएको ४५ दिन भित्र सुत्केरीको कारणले मृत्यु (मातृ मृत्यु) भएमा मृतकका परिवारलाई रु. १०,०००। अनुदान सहयोग गरिनेछ।

(ङ) यस अन्तर्गतका सहयोग रकम गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरी उपलब्ध गराउनेछ।

## ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## *६. तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि-२०७४ (संशोधन २०७५)

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न विद्याका खेलहरुको विकासगर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"नियमावली"** भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) **"सदस्य"** भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) **"वडा समिति"** भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

*(छ) **"खेलकुद"** भन्नाले तमानखोला गाउँपालिकाभित्र प्रचलनमा रहेका शारिरीक, मानसिक विकास तथा गाउँपालिका र राष्ट्रका लागि खेलिने खेलहरुलाई सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) तमानखोला गाउँपालिकामा खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय एक खेलकुद विकास समिति र प्रत्येक वडामा खेलकुद विकास उपसमिति गठन गरिनेछ ।

*(ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँसभा सदस्य मध्ये संयोजक १, तोकिएको कर्मचारी सदस्य सचिव १, वडा समिति संयोजक सदस्य ६, विषयगत खेलका समिति सदस्य रहने गरी तमानखोला गाउँपालिका स्तरको एक खेलकुद विकास समिति गठन गरिनेछ ।

(ग) तमानखोला गाउँपालिकाका भित्रका सबै वडाहरुमा एक वडा स्तरीय खेलकुद विकास उपसमिति गठन गरिनेछ । वडा भित्रका सम्पूर्ण दर्ता भएका युवाक्लबहरुलाई समेटेर गठन गरिनेछ ।

*(घ) विभिन्न खेलकुदका कार्यक्रम गर्ने गराउने र आवश्यकता अनुसार खेलकुद सामाग्री उपलब्ध गराउने र सहयोग गर्ने गाउँपालिकामा सिफारिस गर्ने ।

*(ङ) खेलकुद विकास उपसमिति, दर्ता भएका युवा क्लब सँग समन्वय गर्ने मेला लगाउने कार्यतालिका बनाउने ।

(च) तमानखोला गाउँपालिका भित्रका कुनै पनि विधाका खेलाडी उपल्लो स्तरको खेलमा छनौट, भएमा रु. ५ हजार देखि १० हजार सम्म प्रोत्साहन स्वरुप पुरस्कार सहयोग गरिनेछ ।

(छ) कुनै विधाका खेला वा मेलाका लागि गाउँपालिका अध्यक्षले रु. १५,०००।- सम्म नगद तथा खेलकुद सामाग्री आवश्यकता अनुसार सहयोग गर्नेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## *७. तमानखोला गाउँपालिकाको खाद्य सुरक्षा कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७५

### १. प्रस्तावना :

तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकामा खाद्यान्न उपभोक्ताहरुलाई स्वस्थ खाद्यान्न उपभोग गराउने र व्यापार व्यवसाय गर्नेहरुलाई व्यवस्थापन र सुसुचित गराउने अभिप्रायले यो तमानखोला गाउँपालिकाको खाद्यान्न सुरक्षा कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त कार्यान्वयन हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिक ाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**खाद्यन्न**" भन्नाले तमानखोला गाउँपालिकाका जनताहरुले दैनिक तथा आंशिक रुपमा उपभोग गर्ने खानेकुरालाई सम्झनुपर्दछ ।

३. कोषबाट खर्च गर्ने व्यवस्था :

(क) तमानखोला गाउँपालिकाका खाद्यन्न व्यपार व्यवसाय र उपभोक्तालाई स्वस्थ खाद्यन्नको बारेमा सुसुचित गर्न गराउन सचेतना मूलक कार्यक्रम गर्ने ।

(ख) खाद्यन्न व्यवसायहरुको अनुगमन गर्ने, म्याद नाघेका उपभोग्य वस्तु नियन्त्रण गर्ने ।

(ग) प्राकृतिक विपद परेको बेलामा विपदबाट प्रभावित हरुलाई तत्काल खाद्यन्नको राहत उपलब्ध गराउने ।

### ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## *८. तमानखोला गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

**१. प्रस्तावना :** तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकामा स्थानीय सेवा सुविधा पाउने कर्मचारीहरु सेवामा उत्प्रेरण गराउने,सम्मान गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ। गाउँकार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त कार्यान्वयन हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ।

(ख) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(ग) "**कर्मचारी**" भन्नाले तमानखोला गाउँपालिका कार्यालय र वडा कार्यालयमा काम गर्ने कर्मचारीहरुलाई सम्झनुपर्दछ।

३. कोषबाट खर्च गर्ने व्यवस्था :

(क) तमानखोला गाउँपालिकाको कार्यालय वा वडा कार्यालयमा का मगर्ने र स्थानीय सेवा सुविधा खाने कर्मचारीलाई अवकाश वा अनिवार्य अवकाश हुने कर्मचारीलाई कार्यपालिकाको निर्णयानुसार सम्मान सहित नगद उपलब्ध गराउनेछ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।